
# पाँचखपन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सङ्खुवासभा
## कोशी प्रदेश, नेपाल

पाँचखपन नगरपालिका




नि.प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

# सूचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार
# सम्पादित कार्यको चौथो त्रैमासिक बुलेटिन
## आ.व. २०८१/०८२

## पाँचखपन नगरपालिकासँग सम्बन्धित आ.व. २०८१/८२ बैशाख १ देखि असार मसान्तसम्मको

## अद्यावधिक सूचना

## (सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) को प्रयोजनका लागि)

### १. निकायको परिचयः

नेपालको संविधानमा मुलुकको मूल संरचना संघीय शासन व्यवस्था अनुरुप तीन तहको हुने उल्लेख गरिएको छ। संविधानतः मुलुकको राज्य शक्तिको प्रयोग समेत यी तीन वटै तहबाट हुने अवस्था सुनिश्चित गरिएको छ। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा यी तहहरुको एकल तथा संयुक्त अधिकारक्षेत्रको समेत व्यवस्था गरिएको छ। संविधानमा उल्लेख गरिएका व्यवस्था तथा संविधान प्रदत्त कार्य भूमिका निर्वाहका लागि विभिन्न प्रकारका नीतिगत तथा कानूनी व्यवस्थाका साथै संस्थागत संरचनाहरुको स्थापना तथा व्यवस्थापन गरिएको छ। सो अनुरुप तत्कालीन समयका स्याबुन, वाना तथा जलजला गा.वि.स.लाई एकीकृत गरी पाँचखपन नगरपालिकाको स्थापना २०७३ सालमा भएको हो।

सार्वजनिक सेवा प्रवाह लगायत मुलुकको शासन व्यवस्थालाई नागरिक तथा जनताहरुको नजिकैबाट प्रदान गर्न स्थानीय तहः गाँउपालिका तथा नगरपालिकाको भूमिका महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ। संघ तथा प्रदेश तहको योजना तथा नीति अनुरुप नीति, योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै साधनस्रोतको व्यवस्थापन र परिचालन गरी नागरिकको जीवनस्तर सूधार गर्न आवश्यक आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय तहको रहेको छ। नेपालको संविधान, आवधिक योजना लगायतका नीतिगत संरचनाहरुमा स्थानीय तहहरु प्रभावकारी सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन, शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाहरु प्रदान गर्न समेत प्रमुख आधारका रुपमा स्थापित गरिएको छ।

स्थानीय तहसँग सम्बन्धित नीतिगत तथा कानूनी संरचनाहरुमा उल्लेखित दायित्व र अपेक्षित भूमिका निर्वाह गर्नका लागि पाँचखपन नगरपालिका अग्रसर रहेको छ। यसका लागि नगरपालिकाले निजी क्षेत्र, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य र साझेदारी गरी रहेको छ। नेपाल सरकारले लिएको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्यका साथै संघ, प्रदेश र स्थानीय तहका आफ्नै नीतिगत तथा संस्थागत व्यवस्थाहरुले नगरपालिकाको नियमित, आकस्मिक तथा विकासात्मक कार्यका साथै नगरपालिकाको समग्र पक्षहरुको व्यवस्थापन र परिचालन गर्न नगरपालिका अग्रसर रहेको छ।

पाँचखपन नगरपालिकामा जम्मा १४ वटा शाखाहरुबाट नगरपालिकाका विभिन्न प्रकारका सेवा तथा कार्यहरु सम्पादन हुने गरेको छ। यसका साथै नगरपालिकालाई ९ वटा वडामा विभाजन गरी आवश्यक कार्य जिम्मेवारी कानूनतः हस्तान्तरण गरिएको छ। नगरपालिकामा मूलत: प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, प्राविधिक शाखा लगायत पञ्जीकरण तथा सामाजिक सूरक्षा इकाई, स्वास्थ्य शाखा, शिक्षा शाखाको व्यवस्था गरिएको छ।

### २. निकायको कार्यक्षेत्र

स्थनीय तहको कार्य जिम्मेवारी र कार्यक्षेत्रको सीमा अत्यन्तै वृहत् रहेको छ। पाँचखपन नगरपालिकाको कार्यक्षेत्र मूलतः संघ तथा प्रदेश तहका नीति, योजना र कार्यक्रमको कार्यान्वयन, प्रभावकारी सार्वजनिक सेवाको प्रवाह, विकास व्यवस्थापन, राजस्व परिचालन गर्दै शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायत समग्र पक्षहरुको प्रभावकारी व्यवस्थापन र स्थानीय सुशासन कायम गर्नु रहेको छ। पाँचखपन नगरपालिकाको समग्र कार्यक्षेत्रसम्बन्धी व्यवस्था नेपालको संविधान, आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन लगायत पाँचखपन नगरपालिकाको


आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। समग्रमा पाँचखपन नगरपालिकाको कार्यक्षेत्रलाई देहायानुसार प्रस्तुत गर्न सकिन्छः

- नेपालको संविधान, अनुसूची ८ मा उल्लिखित एकल अधिकारका क्षेत्रहरु
- नेपालको संविधान, अनुसूची ९ मा उल्लिखित साझा अधिकारका क्षेत्रहरु

### ३. निकायको संगाठनिक स्वरुप\संरचनाः

नगरपालिकाको सर्वोच्च निकायको रुपमा नगर सभा रहेको छ। नगर कार्यपालिकाले कार्यपालिकीय शक्तिको प्रयोग गर्ने र न्यायिक समितिले सीमित न्यायिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ। यस सम्बन्धी थप स्पष्टता देहायानुसार प्रस्तुत गरिएको तालिकाबाट हुने विश्वास गर्न सकिन्छः

पाँचखपन नगरपालिकाको संगठनिक स्वरुप (तालिका)




### ४. नगरपालिकामा रहेका विभिन्न शाखाहरुः

सार्वजनिक सेवालाई प्रभावकारी ढंगबाट नागरिकहरु सामु पुऱ्याउन पाँचखपन नगरपालिका दत्तचित्त रहेको छ। यसका लागि विभिन्न शाखा तथा उपशाखाहरुको गठनसँगै सम्पर्क व्यक्तिसमेत तोकिएको छ। हाल यस कार्यालयमा रहेका शाखाहरु देहायानुसार रहेका छन् :

क. प्रशासन शाखा,
ख. योजना शाखा,
ग. प्राविधिक शाखा,
घ. स्वास्थ्य शाखा,
ङ. पंजीकरण तथा सामाजिक सुरक्षा इकाई,

च. महिला, वालवालिका तथा समाज कल्याण शाखा,
छ. आर्थिक प्रशासन शाखा,
ज. शिक्षा, युवा तथा खेलकुद शाखा,
झ. खानेपानी तथा सरसफाई शाखा/WASH sector
ञ. स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र
ट. सुचना प्रविधि शाखा,
ठ. जिन्सी शाखा,
ड. कृषि विकास शाखा,
ढ. पशुपञ्छी विकास शाखा,
ण. प्रधानमन्त्री रोजगार कार्यक्रम,
त. उद्यम विकास शाखा
थ. अमिन शाखा

**५. निकायमा रहेको दरबन्दी तेरीजः**

**पाँचखपन नगरपालिका, संखुवासभा**

**नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरीज**

| क्र.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दी | पूर्ति भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | १ | 0 | रा.प.तृति पदद्धारा पदपुर्ति |
| २ | अधिकृत | ९।१० | शिक्षा | शि.प्र. | | १ | 0 | १ | |
| ३ | सि.डि.ई. | ९।१० | ईञ्जि. | सिभिल | | १ | 0 | १ | |
| ४ | अधिकृत | ७।८ | प्रशासन | सा.प्र. | | १ | १ | 0 | |
| ५ | लेखा अधिकृत | ७।८ | प्रशासन | लेखा | | १ | 0 | १ | |
| ६ | अधिकृत | ७।८ | शिक्षा | शि.प्र. | | १ | 0 | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७।८ | स्वास्थ्य | ज.स्वा. | | १ | १ | 0 | |
| ८ | ईञ्जीनियर | ७।८ | सिभिल | सिभिल | | १ | 0 | १ | |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | २ | 0 | २ | |
| १० | आ.ले.प. | ५ | प्रशासन | लेखा | | १ | 0 | १ | |
| ११ | प.हे.न. | ५।६ | स्वास्थ्य | क.न. | | १ | १ | 0 | |
| १२ | हेल्थ असिस्टेन्ट | ५।६ | स्वास्थ्य | हे.अ. | | १ | १ | 0 | काज |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | 0 | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | १ | 0 | |
| १५ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | १ | 0 | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | १ | 0 | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सब-ईञ्जीनियर | ५ | ईञ्जी. | सिभिल | | २ | ० | २ | २ पद करार मार्फत पदपूर्ति |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | १ | ० | |
| १९ | अमिन | ४ | ईञ्जि. | सर्भे | | १ | ० | १ | करार मार्फत पदपूर्ति |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | २ | ० | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | सा.प्र. | | १ | ० | १ | |
| २२ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | ० | १ | |
| | | | | **कार्यालयतर्फ जम्मा** | | २९ | ९ | २० | |
| | **वडा कार्यालयतर्फ (९ वटा वडा)** | | | | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ४ | १ | ३ | |
| २ | सब-ईञ्जीनियर | ५ | ईञ्जि. | सिभिल | | ४ | १ | ३ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ५ | ३ | २ | |
| ४ | अ. सब-ईञ्जीनियर | ४ | ईञ्जि. | सिभिल | | ५ | २ | ३ | |
| | | | | | | | | | |
| | | | | **वडा कार्यालयतर्फ (९ वटा वडा) जम्मा** | | १८ | ७ | ११ | |
| | | | | **नगर कार्यपालिकाको कार्यालयतर्फ जम्मा** | | २९ | ९ | २० | |
| | | | | **कूल जम्मा** | | ४७ | १६ | ३१ | |

**<u>यस पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण:</u>**

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | जिवन श्रेष्ठ | सूचना प्रविधि अधिकृत (छैंठौं) | |
| २ | सुदेश राई | रोजगार संयोजक (अधिकृत स्तर छैंठौं) | |
| ३ | शशी भुषण यादब | कृषी स्नातक (अधिकृत स्तर छैंठौं) | |
| ४ | रवि किरण राई | MIS अपरेटर (सहायकस्तर पाँचौं) | |
| ५ | तारा कुमार श्रेष्ठ | प्राविधिक सहायक | |
| ६ | सन्देश श्रेष्ठ | प्राविधिक सहायक (सहायक स्तर पाँचौं) | |
| ७ | खगेन्द्र राई | स.ई सहायक स्तर पाँचौं | |
| ८ | डाइमण्ड पुरी | स.ई सहायक स्तर पाँचौं | |
| ९ | हिमाल श्रेष्ठ | अमिन सहायक स्तर चौथो | |
| १० | तारा श्रेष्ठ | ना.प्र.स. सहायक स्तर चौथो | |
| ११ | विष्णु विश्वकर्मा | उद्यम विकास सहजकर्ता सहायक स्तर चौथो | |

| | | | |
|---|---|---|---|
| १२ | निश्चल श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | |
| १३ | मनिता दाहाल | अपाङ्गता सहजकर्ता | |
| १४ | महेश तामाङ | नगर प्रमुखको स्वकीय सचिव | |
| १५ | राजेश खड्का | नगर उप-प्रमुखको स्वकीय सचिव | |
| १६ | सुजन थापा | हलुका सवारी चालक | |
| १७ | हिमाल खनाल | कार्यालय सहयोगी | |
| १८ | मिलन तामाङ | कार्यालय सहयोगी | |
| १९ | भानुसागर राई | कार्यालय सहयोगी | |
| २० | कुलदेवी न्यौपाने | कार्यालय सहयोगी | |
| २१ | अजय तामाङ | सवारी चालक | |
| २२ | हरिराम खड्का | कार्यालय सहयोगी | |
| २३ | डम्बर बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | |
| २४ | राज गुरुङ | कार्यालय सहयोगी | |
| २५ | सुवास प्रसाद पोखरेल | कार्यालय सहयोगी | |
| २६ | नेत्र कुमारी थापा श्रेष्ठ | कार्यालय सहयोगी | |

## ६. निकाय संबद्ध ऐन, नियम तथा निर्देशिका/कार्यविधिः

पाँचखपन नगरपालिकाले आफ्ना काम कारवाहीलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन निम्न अनुसारका ऐन, नियम तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छः

- पाँचखपन नगरपालिकाको आर्थिक ऐन, २०८२
- पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०८२
- पाँचखपन वाना आधारभुत अस्पताल फार्मेसी सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
- पाँचखपन नगरपालिको आधारभूत अस्पताल सञ्चालन एवं व्यवस्थापन कार्यविधि,२०८१
- घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी नियमावली, २०७८ (पहिलो संसोधन)
- पाँचखपन नगरपालिकाको सामुदायिक जैविक, साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१
- पाँचखपन नगरपालिकाको स्थानीय उर्जा विकास निर्देशिका, २०८१
- पाँचखपन नगरपालिकाको भवन निर्माण ऐन, २०८१
- पाँचखपन नगरपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

नि.प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

- पाँचखपन नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०
- पाँचखपन नगरपालिकाको अपाङ्ग भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण कार्यविधि, २०७८
- उपभोक्ता समितिहरुको गठन, परिचालन तथा व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६
- कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवशायी इजाजत पत्र सम्बन्धी नियमावली, २०७८
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- टोल विकास संस्था व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७९
- पाँचखपन नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७९
- पाँचखपन नगरपालिकाका पदाधिकारीहरुको आचारसंहितासम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम,
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट
- पाँचखपन नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७९
- पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०८०
- पाँचखपन नगरपालिकाको आर्थिक ऐन, २०८०
- पाँचखपन नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको प्रोत्साहन भत्तासम्बन्धी नियमावली, २०७९
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- आपङ्गता परिचय पत्र वितरण नियमावली, २०७८
- पाँचखपन नगरपालिकाबाट गरिने बजार अनुगमन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको पशुपन्छी सेवा सञ्चालन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन नियमावली, २०७८
- न्यायिक समिति कार्य सञ्चालन ऐन, २०७८
- लैंगिक हिंसा निवारण कोष सञ्चालन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८

प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

- पाँचखपन नगरपालिकाको सहकारी ऐन, २०७८
- पाँचखपन नगरपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणीकरण ऐन, २०७८
- पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८०
- पाँचखपन नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७८
- पाँचखपन नगरपालिको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९

**७. शाखागत रुपमा सम्पादन भएका मुख्य कार्यहरुको विवरणः**

**यस कार्यालयको विभिन्न शाखाहरुबाट सम्पादन भएका कार्यहरु शाखागतरुपमा देहायानुसार प्रस्तुत गरिएको छ ।**

**७.१ प्रशासन, योजना, प्राविधिक शाखाः**

क. दैनिक प्रशासनिक कामकाज भएको,
ख. घ वर्गको निर्माण व्यवसायि इजाजत पत्र १वटा नविकरण भएको,
ग. सहकारी संस्थाहरुलाई कोपोमिस तालिम दिइएको,
घ. १५ वटा टोल विकास संस्था नविकरण भएको,
ङ. ७ वटा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति नविकरण
च. ३ वटा संस्था दर्ता भएका,
छ. १६९ टोल विकास संस्था रहेका
ज. टोल विकास संस्थाहरु दर्ता/नविकरण गर्ने काम भइरहेको,
झ. नगरपालिका अन्तर्गतका सहकारी संस्थाहरुलाई कोपोमिस तालिम प्रदान गरिएको,
ञ. आ.व. २०८१/८२ को बैशाख महिना देखि असार मसान्त सम्म ३ पटक कर्मचारी बैठक बसेको।

नि.प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## योजना, प्राविधिक शाखाः

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना, सङ्खुवासभा

प्रस्तुत विषयका सम्वन्धमा पाँचखपन नगरपालिकामा आ.व. ०८१/०८२ सम्म निर्माण भएका सडक सञ्जालहरु तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| निर्माणको प्रकार | कि.मि. ०७९/८० | कि.मि. ०८०/८१ | कि.मि. ०८१/८२ |
|---|---|---|---|
| कच्ची मोटर बाटो | २९६.५५ | ३२९.५ | ३३४ |
| ग्रावेल सडक | ४.९५ | ५.५ | ७.५ |
| पक्की सडक | ५.४ | ६ | ८.२ |

**Ram Krishna Pandey**
**Planning Section**

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना, सङ्खुवासभा

**Fiscal Year: 081/82**
**List of the Project done in Tender**

| S.N | Name of the Project | Tendered Amount | Contract Agreement Amount | Contract Agreement Date | Work Comlpetion Deadline | Date Extented | Performance Guaramte | PG Valid date | Advance Payment Guarante | APG Valid date | Approved Firm | Remarks | Amount Paid Till Date | Remaining Amount |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bhaisichowk Chunkharung Road | 13942562 | 11000086.77 | 2081/11/15 | 2082/03/20 | 2082/9/32 | 975550 | 2026 Aug 15 2083/04/30 | | | Fursang- Ns Jv | Original PG Required | ~~6949649~~ 654547082 | ~~4050437~~ 495661595 |
| 2 | Bihibare Wana Brihat Khanepani | 4871391.94 | 4241000 | 2081/11/15 | 2082/03/20 | | 212100 | 2026 Aug 15 2083/04/30 | | | Fursang- Ns Jv | | completed | |
| 3 | Narade Bhanjyang Tigerchowk | 9743378.12 | 7740056.26 | 2081/11/15 | 2082/03/20 | 2082/9/32 | 658000 | 2026 Aug 14 2083/04/30 | 680000 | 2025 Aug 23 2082/05/07 | Dipak Makers and Contractors, Morang | Original APG and PG Required | 2962639 | 4777417 |

**Ram Krishna Pandey**
**Planning Section**

प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

पाँचखपन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:-२०८१/०८२
चलानी नं.:

वाना, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

Project Complated o Fiscal Year 2081/082

| Ward no. | Total Project | | Ward/ Municipality Project list in Lakh | | | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| | Ward | Municipality | 0-1 | 1-2 | | 2-5 | 5-10 | 10 above | |
| 1 | 42 | | | | | | | | |
| 2 | 35 | | | | | | | | |
| 3 | 19 | | | | | | | | |
| 4 | 22 | | | | | | | | |
| 5 | 33 | 110 | | | | | | | |
| 6 | 63 | | | | | | | | |
| 7 | 33 | | | | | | | | |
| 8 | 34 | | | | | | | | |
| 9 | 34 | | | | | | | | |
| **Total** | 315 | 100 | 278 | 83 | | 48 | 9 | 7 | |

Total Project:- 425
Forward Project:- 409
Remaining:-16

Progress:- 96.235%

Ram Krishna Pandey
Planning Section

नि.प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## ७.२ आर्थिक प्रशासन शाखाः

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, संखुवासभा
कार्यालयको कोड : ८०१०४४०४३००

क्षेत्रगत बजेट तथा खर्च

आ.व. : २०८१/८२ अवधी : २०८२/०१/०१-२०८२/०३/३१

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,७२,९३,०००.०० | ९४,११,४६४.०० | ५४.७४ | ७७,८१,५३६.०० |
| १ | कृषि | ९८,०१,०००.०० | ६०,०४,८०२.०० | ६१.२७ | ३७,९६,१९८.०० |
| २ | उद्योग | २३,२०,०००.०० | ११,३७,८९१.०० | ४९.०५ | ११,८२,१०९.०० |
| ३ | पर्यटन | ५०,०००.०० | ४८,०२६.०० | ९६.०५ | १,९७४.०० |
| ४ | सहकारी | ९०,०००.०० | ४१,५००.०० | ४६.११ | ४८,५००.०० |
| ५ | जलश्रोत तथा सिंचाई | ३७,४५,०००.०० | १८,९७,२४०.०० | ५०.६६ | १८,४७,७६०.०० |
| ६ | पशुपन्छी विकास | ११,८७,०००.०० | २,८२,००५.०० | २३.७६ | ९,०४,९९५.०० |
| २ | सामाजिक विकास | २५,९५,२७,०७६.०० | ७,३७,०८,१२३.८० | २८.४ | १८,५८,१८,९५२.२० |
| १ | शिक्षा | १९,१०,३१,९५८.०० | ४,६१,९२,३६२.८० | २४.१८ | १४,४८,३९,५९५.२० |
| २ | स्वास्थ्य | ३,००,४१,०००.०० | ८०,८६,८९५.०० | २६.९२ | २,१९,५४,१०५.०० |
| ३ | खानेपानी तथा सरसफाई | २,६१,३९,९४०.०० | १,३९,५२,७३५.०० | ५३.३८ | १,२१,८७,२०५.०० |
| ४ | भाषा तथा संस्कृति | ३३,६४,९२८.०० | १७,४१,४४६.०० | ५१.७५ | १६,२३,४८२.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३५,२६,०००.०० | १२,३९,३५०.०० | ३५.१५ | २२,८६,६५०.०० |
| ६ | युवा तथा खेलकुद | ४३,०५,०००.०० | २१,२३,९६५.०० | ४९.३४ | २१,८१,०३५.०० |
| ७ | जनसंख्या तथा बसाईसराई | २०,०००.०० | १९,६२०.०० | ९८.१ | ३८०.०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | १०,९८,२५०.०० | ३,५१,७५०.०० | ३२.०३ | ७,४६,५००.०० |
| ३ | पूर्वाधार विकास | ९,५३,०२,७५७.०० | ४,४३,१५,२२६.०० | ४६.५ | ५,०९,८७,५३१.०० |
| १ | यातयात पूर्वाधार | ६,६२,९२,५४८.०० | २,७७,३४,००४.०० | ४१.८४ | ३,८५,५८,५४४.०० |
| २ | भवन, आवास तथा सहरी विकास | २,३७,६६,६००.०० | १,३८,८७,४६३.०० | ५८.४३ | ९८,७९,१३७.०० |
| ३ | उर्जा | ३,३०,०००.०० | २,२९,९३९.०० | ६९.६८ | १,००,०६१.०० |
| ४ | संचार तथा सूचना प्रविधि | २,५५,०००.०० | १,१४,६५२.०० | ४४.९६ | १,४०,३४८.०० |
| ५ | सम्पदा पूर्वाधार | ४३,८०,०००.०० | २३,४९,१६८.०० | ५३.६३ | २०,३०,८३२.०० |
| ६ | पुनर्निर्माण | २,७८,६०९.०० | ०.०० | ० | २,७८,६०९.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,४८,८३,०००.०० | ७८,७६,१३९.०० | ५२.९२ | ७०,०६,८६१.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९७,९९,०१५.०० | २,४०,५८,७४९.९० | ३०.१५ | ५,५७,४०,२६५.१० |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९७,९९,०१५.०० | २,४०,५८,७४९.९० | ३०.१५ | ५,५७,४०,२६५.१० |
| | कुल जम्मा | ४६,६७,०४,८४८.०० | १५,९३,६९,७०२.७० | ३४.१४ | ३०,७३,३५,१४५.३० |

पाँचखपन नगरपालिका नगर कार्यपालिकाको कार्यालय खाँदबारी संखुवासभा स्था-२०७३

नि.प्रमुख प्रशासकीय अधिकृत पाँचखपन नगरपालिका

### ७.३ स्वास्थ्य शाखा:

स्वास्थ्य शाखाबाट मिति २०८१ बैशाख १ गते देखि असार मसान्त सम्म सम्पादित कार्यहरुको विवरण:

| क्र.सं. | कार्यक्रम | गर्नुपर्ने | सम्पन्न | जम्मा |
|---|---|---|---|---|
| १ | CB-IMNCI सम्बन्धी सचेतना कार्यक्रम ३७ जना स्वास्थ्य कर्मीलाई संचालन गरियो। | १ | १ | १ |
| २ | किशोर किशोरी स्वास्थ्य सेवा विद्यालय स्वास्थ्य शिक्षा ९ वटा विद्यालय संचालन गरियो। | २ | २ | २ |
| ३ | AMR सम्बन्धी अभिमुखिकरण १७ जना स्वास्थ्य कर्मीमाझ संचालन | १ | १ | १ |
| ४ | पोषण कर्नर लिङलिङ् र टिमुरे २ स्थानमा स्थापना | २ | २ | २ |
| ५ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन स्वास्थ्य संस्थामा सरसफाइ सामाग्री र विद्यालयमा ५०० लि. को हिलटैंक वितरण | २ | २ | २ |
| ६ | २७ जना FCHV लाई नसर्ने रोग सम्बन्धी अभिमुखिकरण | १ | १ | १ |
| ७ | ४ वटा स्वास्थ्य संस्थामा स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड समिक्षा | ४ | ४ | ४ |
| ८ | डेंगु लगायत किटजन्य रोगहरुको अभिमुखिकरण नियन्त्रण तथा खोज र लार्भा नष्ट | १ | १ | १ |
| ९ | पूर्णखोप घोषणा कार्यक्रम नौं वटै वडाहरुमा र पालिकामा ६७ जनाको उपस्थितिमा सम्पन्न | १ | १ | १ |
| १० | FCHV को वार्षिक समिक्षा गोष्ठी तथा पुस्कृत र सम्मान कार्यक्रम सम्पन्न | १ | १ | १ |

प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

### ७.४ शिक्षा शाखाः

चौथो त्रैमासिक कार्य प्रगति विवरण २०८१/८२ (बैशाख देखि असार मसान्त सम्म)

क. चौथो त्रैमासिक तलब भत्ता निकासा रु. २,७७,४७,६३४/-

ख. चौथो त्रैमासिक शैक्षिक अनुदान निकासा रु.४६,१२,७२४/-

ग. दिवा खाजा बापतको रकम निकासा रु.१०,४१,७८०/-

घ. छात्रवृत्ति बापतको रकम निकासा रु. ७,८६,०००/-

ङ. नियमित प्र.अ. बैठक संचालन,

च. शिक्षा समिति बैठक संचालन,

### ७.५ पञ्जिकरण इकाईः-

क. आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण,

जम्मा संख्या: २२६४

जम्मा रकम : रु २२, २८९, १३४/-

ख. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरको नामावली अद्यावधिक गरिएको,

ग. चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण

जम्मा संख्या: २२७०

जम्मा रकम: रु २२,६३०,८६३/-

### ७.६ प्रधानमन्त्री रोजगार कार्यक्रमः

- आ.व. २०८१/८२ को मासिक प्रगति प्रतिवेदन आर्थिक, वित्तीय विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट,
- रोजगार आयोजनाहरुको अनुगमन,
- छनोट भएका बरोजगारहरुले रोजगार आयोजनाहरु १०० दिनको कार्य सम्पन्न,
- कार्यस्थलमा आधारित ५० दिने सडक मर्मत तथा सम्भार र जीवन उपयोगी तालिम सम्पन्न तथा भुक्तानी,
- रोजगारी सृजना आई.डि.ए. तथा नेपाल सरकारको ज्याला श्रमिकको खातामा जम्मा,
- बैदेशिक रोजगार वोर्डबाट सम्पादन गर्ने सेवाहरुको फेमिस प्रणालीमा प्रविष्ट
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको पुन:श्रम स्वीकृतीमा सहजीकरण,
- रोजगार व्यवस्थापन प्रणाली (EMIS) कार्यसम्पन्न प्रतिवेदन साथै आयोजना सम्पन्न प्रतिवेदन प्रविष्ट।

### ७.७ महिला विकास शाखा:

क. न्यायिक समितिको फ्लेक्स प्रिन्ट निर्माण गरिएको,

ख. अपाङ्गता भएको व्यक्तिलाई जिविकोपार्जन गर्ने ५ जनालाई आर्थिक सहयोग गरिएको,

ग. खप्तुवा मा.वि.का किशोरीहरुलाई कानूनी सचेतना तथा आत्मरक्षा तालिम सञ्चालन गरिएको,

घ. विपन्न,महिला स्वरोजगार कार्यक्रम अन्तर्गत १६ वटा प्लास्टिक टनेल विवरण,

ङ. नगरभित्रमा नगरस्तरीय महिला सञ्जाल, वडा महिला सञ्जाल र महिला सहकारीका पदाधिकारीलाई कानूनी सचेतना कार्यक्रम,

च. वडा मेलमिलापकर्ता ३ दिन तथा वडा सचिवहरुलाई १ दिने न्यायिक समितिको पुन:तार्जकी तालिम प्रदान गरिएको,

छ. अपाङ्गता रोकथाम तथा पुन:स्थापना अन्तर्गत उपचारमा सहयोग २ जनालाई ( दिनेश राई र निर्जल पाँचकोटी)

### ७.८ उद्यम विकास शाखा:

उद्यम विकास शाखा

- पाँचखपन नगरपालिका वडा नं २ मा उद्यमशिल्ता बिकास तालिम दिने कार्य सम्पन्न गरेको।
- प्राविधिक सीप विकास तालिम अन्तर्गत वडा नं ८ मा अचार बनाउने तालिम सञ्चालन सम्पन्न गरेको।
- वडा नं २ मा मौरिपालन तालिम सञ्चान सम्पन्न गरेको।
- वडा नं २ मा च्याउ उत्पादन तालिम सञ्चान सम्पन्न गरेको।
- पाँचखपन नगरपालिकाका नयाँ तथा पुराना लघु उद्यमिहरुलाई नबिल बैंक तथा सहकारि संस्थाहरु सङ्ग सम्मन्वय गराई लघु वित्तमा पहुँच पुर्याउन कार्य सम्पन्न गरियो ।
- उखु खेति तालिम लिएका लघु उद्यमिहरुलाई ८० प्रतिशत लगानिमा उखु पेल्ने मेसिन प्रविधि हस्तान्तरण गरिएको।
- बजार बजारीकरण तथा व्यवसाय परामर्श तालिम प्रदान गरेको।
- अन्लाईन डाटा इन्ट्रि गर्ने कार्य सम्पन्न गरेको।

बिष्णु विश्वकर्मा
उद्यम विकास सहजकर्ता

## ७.९ कृषि विकास तथा पशुपन्छी सेवा शाखाः

**कृषि शाखा अन्तर्गत**

पाँचखपन नगरपालिका

कृषि विकास शाखा

त्रैमासिक कार्यक्रम सम्पादन प्रतिवेदन(बैशाख देखि असार) आ व २०८१/०८२

| क. स | कार्यक्रम शिर्षक | विनियोजित बजेट(रु.) | उपशिर्षक | खर्च भएको रकम(रु.) | लाभग्राही संख्या(जना) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उखु खेती प्रवर्द्धन (सशर्त कार्यक्रम) | १५,००,०००/- | उखु खेती सम्बन्धी तालिम | १,५०,०००/- | ३० | |
| | | | उखु पेल्ने मेसिन खरिद तथा वितरण | १२,००,०००/- | ३ वटा कृषक समुह | ७५% अनुदान |
| २. | कफी खेती प्रवर्द्धन(सशर्त कार्यक्रम) | ७,००,०००/- | कफी खेती सम्बन्धी तालिम | १,५०,०००/- | ३० | |
| | | | कफी विरुवा खरिद तथा वितरण | ३,३७,५००/- | ५६ | ७५% अनुदान |
| | | | सिँचाई पाइप खरिद | २,१२,५००/- | - | वितरण गर्न बाँकी रहेको(७५% अनुदान) |
| ३. | मेकाडेमिया नट बिरुवा खरिद,ढुवानी र वितरण(वित्तीय समानीकरण कार्यक्रम) | ११,२५,०००/- | बिरुवा खरिद | ४,५०,०००/- | ७५ | ५०% अनुदान |
| | | | बिरुवा ढुवानी | ६५,०००/- | - | |

पेश गर्ने,

सन्दीप मण्डल गन्गाई

कृषि विकास शाखा

नि.प्रमुख प्रशासकीय अधिकृत

पाँचखपन नगरपालिका

**पशुपन्छि सेवा शाखा अन्तर्गत**

पाँचखपन नगरपालिका

पशु सेवा शाखा

त्रैमासिक कार्यक्रम सम्पादन प्रतिवेदन (बैशाख देखि असार) २०८१/०८२

| क्र.स | कार्यक्रम शिर्षक | विनियोजित बजेट (रु.) | उपशिर्षक | खर्च भएको रकम(रु.) | लाभग्राही संख्या (जना) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पशुपंछी खोप कार्यक्रम(पि.पि.आर,एफ.एम.डि,स्वाईन फिवर)(सशर्त) | ३,००,०००/- | लजष्टीक खरिद | १,००,०००/- | ७०० | |
| | | | भ्याक्सिनेटर पारिश्रमिक | १,२४,५६०/- | - | |
| २. | रेफ्रीजेनेटर खरिद(वित्तीय समानीकरण) | ५०,०००/- | | ५०,०००/- | - | |
| ४. | रेबिज रोग नियन्त्रण कार्यक्रम (वित्तिय समानीकरण) | १,००,०००/- | लजष्टीक खरिद | १,००,०००/- | ५०० | कुकुरलाई भ्याक्सिन लगाएको |
| ५. | पशुपंछी औषधी खरिद तथा वितरण कार्यक्रम | २,००,०००/- | | २,००,०००/- | ४०० | बैशाख देखि असार सम्म बाँकी रु ५००००/- औषधी खरिद |

पेश गर्ने,

सुनिता खड्का

पशु सेवा शाखा

नि.प्रमुख प्रशासकीय अधिकृत

पाँचखपन नगरपालिका

## ७.१० राजस्व शाखा

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, संखुवासभा
कार्यालयको कोड : ८०१०४४०४३००

Office wise revenue collection Summary

आ.व. : २०८१/८२ अवधि : २०८२/०३/०१-२०८२/०३/३२

| क्र.स. | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ८०१०४४०४३०० | पाँचखपन नगरपालिका, संखुवासभा | २,५७,७८२.५० | |
| २ | ८०१०४४०४३०१ | पाँचखपन नगरपालिका,१ नं. वडा कार्यालय, संखुवासभा | १,१०,६१६.०६ | |
| ३ | ८०१०४४०४३०२ | पाँचखपन नगरपालिका,२ नं. वडा कार्यालय, संखुवासभा | ६५,२८५.५७ | |
| ४ | ८०१०४४०४३०३ | पाँचखपन नगरपालिका,३ नं. वडा कार्यालय, संखुवासभा | २,५२,२६०.०० | |
| ५ | ८०१०४४०४३०४ | पाँचखपन नगरपालिका,४ नं. वडा कार्यालय, संखुवासभा | १,३२,८३४.०० | |
| ६ | ८०१०४४०४३०५ | पाँचखपन नगरपालिका,५ नं. वडा कार्यालय, संखुवासभा | १,८७,९५४.३३ | |
| ७ | ८०१०४४०४३०६ | पाँचखपन नगरपालिका,६ नं. वडा कार्यालय, संखुवासभा | २,८१,८८३.०० | |
| ८ | ८०१०४४०४३०७ | पाँचखपन नगरपालिका,७ नं. वडा कार्यालय, संखुवासभा | १,७८,५३८.०० | |
| ९ | ८०१०४४०४३०८ | पाँचखपन नगरपालिका,८ नं. वडा कार्यालय, संखुवासभा | १,१४,९५३.०० | |
| १० | ८०१०४४०४३०९ | पाँचखपन नगरपालिका,९ नं. वडा कार्यालय, संखुवासभा | १,२९,६६२.०० | |
| | | जम्मा | १७,०९,२६८.४६ | |

नि.प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः



मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत



बिनोद कुमार चन्द

सूचना अधिकारी

**सूचना प्रकाशन मिति २०८२ श्रावण १८ गते**